पाखुरे सामुदायिक वन उपभोक्ता समूह
रैनादेवी छहरा ४, पाल्पा

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

पहिलो पटक सूचना प्रकाशन मितिः २०८२।११।०५

यस पाखुरे सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित रैनादेवी छहरा ४, पाखुरे घाटगद्दीमा निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलामा बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित उद्योगले यो सूचना मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२।११।०५ गते प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दीको बोलपत्र खरिद गरी २२ (बाइस) दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपसिल

१. वन पैदावारको विवरणः-

| क्र | लट | वन पैदावारको | | | | | मूल्यांकन (रु.) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सं. | नं. | जात | किसिम | थान | ग्रेड | परिमाण | दर रु. | न्यूनतम मूल्य रु. | कटान खर्च | |
| १ | १-०८२/८३ | खोटे सल्लो | गोलिया काठ | ३०७ | B | १५८०.०९ क्यू.फि. | १५० | २३७०१३.५० | ३२३९१८.४५ | |
| | | अन्य | दाउरा | | | २ चट्टा | ४००० | ८००० | ३१६९८.८ | |
| **जम्मा** | | | | | | | | **२४५०१३.५०** | **३५५६१७.२५** | |

२. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८२।११।२५ (ख) समयः दिनको ५:०० बजेसम्म

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८२।११।२६ (ख) समयः दिनको ५:०० बजेसम्म

४. बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको ग्लोवल आइ.एम.इ बैंकमा रहेको खाता नं. N६०१०१००००५११ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

५. बोलपत्र फाराम प्रति लटको रु. १०००। (अक्षेरपी एक हजार रुपैया) पछि फिर्ता नहुने गरी समूहको बैक खातामा रकम जम्मा गरेको सक्कल भौचर बुझाई यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय पाल्पाबाट खरिद तथा दाखिला गर्न सकिन्छ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समूहको पाखुरेमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन वन पैदावारमा आधारित उद्योगका प्रोपाइटरले नेपाली नागरकताको प्रमाणपत्रको प्रतिलिपि, उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि र डिभिजन वन कार्यालयमा सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

८. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।११।२७ मा दिनको २:०० बजे साक्षीहरको रोहबरमा खोलिनेछ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ७ (सात) दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धी कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाइ लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।